# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

२०७५ वैशाख १२

## विद्यालय शिक्षामा मानव अधिकारको विषयमा परामर्श सम्पन्न

रीष्ट्रिय मानव अधिकार आयोगले विद्यालय शिक्षामा मानव अधिकार सम्बन्धमा आज सरोकारवालाहरूसँग परामर्श तथा छलफल सम्पन्न गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगको चालुरणनीतिक योजना बमोजिम घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार भन्ने नारालाई कार्यान्वयन गरी घरघरमा मानव अधिकार संस्कृतिको विकासमा सहयोग पुर्‍याउन शिक्षा क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले विद्यालयको पाठ्यक्रममा मानव अधिकारका विषयहरुलाई समावेश गर्न अपरिहार्य रहेको छ । सो क्रममा शिक्षा मन्त्रालय, पाठ्क्रम विकास केन्द्र लगायत शिक्षा क्षेत्रको विकासमा क्रियाशील विज्ञहरूवीच आवश्यक परामर्श लिई सम्बन्धित निकायलाई सिफारिस गर्ने उद्देश्यले परामर्श कार्यक्रमको आयोजना गरिएको हो ।

सो कार्यक्रममा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले विद्यालयका विभिन्न तहका पाठ्यक्रमहरूमा विद्यार्थीहरूको सिक्न सक्ने क्षमता र तह अनुसार मानव अधिकारका विषयहरू एवं समाजमा विद्यमान जातीय विभेद, महिला हिंसा, बोक्सी लगायत विभिन्न कुरीतिजन्य प्रथाहरूलाई नियन्त्रण र निरूत्साहन गर्न सहयोग मिल्ने खालका विषयवस्तु समावेश गर्नुपर्ने बताउनु भयो । आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्यालले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुहुँदै परामर्शबाट प्राप्त सुझाव राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ४ बमोजिम विद्यालय तथा विश्व विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गर्न नेपाल सरकारलाई सिफारिस गर्न सक्ने बताउनुभयो । साथै उहाँले साहित्य, भूगोल, सामाजिक शिक्षा लगायतका विषयमा कुनै न कुनै कोणबाट मानव अधिकारका विषयहरूलाई समावेश गर्न सकिने बताउनु भयो ।

सहभागी शिक्षाविद्हरूबाट मानव अधिकारको विषयलाई विद्यालय पाठ्यक्रममा समावेश गर्ने कार्य प्रारम्भ भइसकेको हुँदा कतिपय छुटेका विषयहरू एवं अधिकार सँगै कर्तव्यको पालना सम्बन्धी विषय समावेश गरिनुपर्ने सुझाव प्राप्त भएको छ । पाठ्यक्रम सँगसँगै सम्बन्धित शिक्षकहरूलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएमा शिक्षण सिकाई प्रभावकारी हुने लगायतका सुझाव विज्ञहरूबाट प्राप्त भएका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगका उपनिर्देशक यज्ञ प्रसाद अधिकारीले विद्यालय शिक्षामा मानव अधिकारको अवस्था एवं मानव अधिकार संस्कृतिको विकासका लागि आयोगबाट हालसम्म भएका प्रयासहरू सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष अनूप राज शर्माको अध्यक्षतामा सम्पन्न उक्त परामर्श छलफलमा आयोगका माननीय सदस्य प्रकाश वस्ती, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयका सहसचिव डा. हरि लम्साल, पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक कृष्णप्रसाद काप्री, डा. मनप्रसाद वाग्ले, विभिन्न सरकारी तथा निजी विद्यालयका शिक्षकहरू, श्रोत व्यक्तिहरू, शिक्षा क्षेत्रको विकासमा क्रियाशील विज्ञहरू, सञ्चाकर्मीहरूको सहभागिता रहेको थियो ।

वेद भट्टराई
सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org